जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १२२ २०७९ साल मंसिर २४ गते शनिबार (10 Dec. 2022 Saturday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : अझै पनि हिंसाक ... ३ पृष्ठमा : विश्वकपका अतिथिलाई ... ३ पृष्ठमा : रुस र चीनमाथि नयाँ ...

# व्यवस्थित नहुँदै प्रयोगमा ल्याउँदा लथालिङ बन्यो शौचालय

## दुर्गन्धले विद्यार्थीदेखी सर्वसाधारण समस्यामा





*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

राजविराज सहर बिस्तार भएसँगै विभिन्न समस्याका कारण यो सहर अव्यवस्थित समेत बन्दै गएको छ ।

सहर विकसित हुदैछ तर, सोही अनुपातमा अव्यवस्थित समेत बन्दै गएको छ । यस बाहेक ठूलो चुनौतीको रुपमा अहिले फोहर, मैला व्यवस्थापन र ट्राफिक व्यवस्था पनि देखिएको छ ।

सहरको मुख्य चौकमा एउटा पनि सार्वजनिक शौचालय छैन् । मानिसहरु जथाभावी खाली र पायक पर्ने ठाउँमा शौच र पिसाब गर्ने गरेका छन् । जसले गर्दा सहर दुर्गन्धित बन्दै गएको छ ।

हालै मात्र राजविराज नगरपालिकाले दुई वटा सार्वजनिक शौचालय झण्डै ४० लाखको लागतमा निर्माण गरेको छ । एउटा नगरपालिकाको नाक सामुन्ने रहेको भगवती पोखरी जाने मुख्य द्वार र अर्को राजरंगशाला परिसर भित्र ।

भगवती पोखरीको मुख्य प्रवेश द्वारको छेउमै निर्माण गरिएको शौचालय उद्घाटन हुनु अगावै अव्यवस्थित र दुर्गन्धित बनेको छ । प्राथमिक विद्यालयको झ्याललाई थुनेर उक्त शौचालय निर्माण गरिएको हो । यस्तै सोही शौचालय भन्दा ५० मिटर उत्तरतर्फ एउटा निजि विद्यालय पनि छ । उक्त विद्यालयका विद्यार्थीहरु विद्यालय जाँदा शौचालयबाट निस्किने दुर्गन्धले नाक, मुख थुनेर जाने गर्छन् भने सरकारी विद्यालयका विद्यार्थीहरु बाँकी रहेका झ्याल थुनेर पढ्न बाध्य भएका छन् ।

उचित स्थान र दुर्गामी सोचको अभावमा निर्माण गरिएको उक्त शौचालयका कोठाहरु अहिले नै फोहर मैलाले भरिएको छ । पानीको अभाव समेत रहेको शौचालयमा जाथाभावी शौच र पिसाब गरिएको देख्न सकिन्छ । हचुवाको तालमा निर्माण गरिएको उक्त शौचालय निर्माणाधीन अवस्थामै लथालिङ बनेको स्थानिय परिष कर्ण बताउछन् ।

नगरपालिका कार्यालय अगाडी निर्माण गरिएको शौचालयप्रति नगरपालिका आफै पनि वेखबर रहेको तथा यसको रेखदेखमा समेत कसैलाई नदिएको बुझिएको छ । यस्तै रंगशालामा परिसरमा अहिले पनि शौचालय निर्माणाधीन अवस्थामै रहेको छ । यी दुबै शौचालय निर्माण त गरियो तर, उचित संरक्षण गर्न नसकिएकोले लगानी खेर जाने सम्भावना समेत बढेको छ ।

# शिक्षाको माध्यमबाट सामाजिक रुपान्तरण सम्भव : मन्त्री साह




**दैनिक समाचारदाता**
**सप्तरी, २३ राजविराज ।**

मधेश प्रदेश सरकारका सामाजिक विकास मन्त्री नवलकिशोर साहले शिक्षाको माध्यमबाट सामाजिक रुपान्तरण सम्भव रहेको बताएका छन् ।

सप्तरीको अग्निसाईर कृष्णासवरण गाउँपालिका ५ छपकीस्थित आधारभूत विद्यालयको २ कोठे नयाँ पक्की कक्षाकोठा भवनको शुक्रबार मन्त्री एवम् नव निर्वाचित प्रतिनिधि सभा सदस्य साहले उद्घाटनका क्रममा सो कुरा बताएका हुन् ।

वर्षोदेखि कक्षाकोठा भवनको अभाव झेलि रहेका यस क्षेत्रका विद्यार्थीहरुलाई उचित र सुरक्षित वातावरणमा गुणस्तरिय शिक्षा प्रदान गर्न विद्यालयमा नयाँ संरचना निर्माण गरिएको मन्त्री साहले यसले पठनपाठन व्यवस्थित, सुरक्षित र विद्यालयको पहुँचबाट टाढा रहेका बालबालिकालाई विद्यालयमा आकर्षण गर्न समेत मद्दत पुऱ्याउने बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

# भन्सार छलेका सामानहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट भन्सार छलेर नेपाल भित्राइएका एक लाख भन्दा बढी मुल्य बराबरको सामानहरु बरामद गरेको छ ।

प्रहरीले राजबिराज, डाक्नेश्वरी, छिन्नमस्ता र बोदेबरसाईनबाट अबैध रुपमा भारतबाट भंसार छली ल्याएका १ लाख ३२ हजार ९ सय ७० रुपैया मुल्य बराबरको किराना आइटमहरु, मदिरा, साईकलका पार्टसहरु तथा ३ थान साईकल बरामद गरेको हो ।

बरामद गरिएका सबै सामानहरु कारवाहीका लागी शुक्रबार राजबिराज भन्सार कार्यालय तिलाठी सप्तरी पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# 'आमाको दूधको विकल्प खोज्नु दुःखद्'

काठमाडौँ, २३ मङ्सिर (रासस) ।

पच्चीस वर्षमा पूर्ण स्तनपान गराउने प्रवृत्ति ७५ प्रतिशतबाट ५६ प्रतिशतमा झरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार पाँच महिनासम्मका बालबालिकालाई पूर्ण स्तनपान गराउने प्रवृत्ति ५६ प्रतिशतमा झरेको भन्दै चिन्ता व्यक्त गरेको छ ।

मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले यो तथ्याङ्क चिन्ताजनक भएको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "महिला सौखिन र देखासिकी गर्ने संस्कारका कारण स्तनपान नगराउने प्रचलन बढेको छ । बच्चा जन्मिएपछि महिलाले बिदा नपाउने समस्याले पनि पूर्ण स्तनपान गराउनेको संख्या घटेको देखिएको छ, जुन निराशाजनक छ ।"

यता मन्त्रालयअन्तर्गतको नीति तथा योजना अनुगमन महाशाखाका

*बाँकी अन्तिम पृष्ठमा*

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार
## तपाईकै सहर राजविराजमा





आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE नि:शुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय** : बिहान ८:३० देखि ५:०० बजेसम्म

# अझै पनि हिंसाकै दलदलमा महिला

**कालिका खड्का**
काठमाडौँ, २३ मङ्सिर (रासस)।

काठमाडौँ सहरमै आफ्नो प्रेमीले दिएको पीडा र मानसिक यातना सहन नसकेर पुष्पा न्यौपानेले आफ्नो शरीरमा पेट्रोल छर्केर आत्मदाह गरिन्। नुवाकोट घर भई काठमाडौँको बुद्धनगरमा बस्दै आएकी २७ वर्षीय पुष्पाले काठमाडौँको धुम्रबाराहीस्थित आफ्नो प्रेमीकै घरमा पुगेर यही बुधबार आत्महत्या गरिन्।

पुष्पाले दरबारमार्गस्थित केल्मी ब्रान्डका कपडा पसल सञ्चालन गर्दै आएकी थिइन्। काठमाठौँ धुम्बाराही-४ का २९ वर्षीय सुदन सङ्ग्रौलाले त्यही पसलमा आएर कपडा किन्ने गर्थे। गत माघदेखि उनीहरूबीच मोबाइल नम्बर लिएर कुराकानी हुँदै प्रेम सम्बन्ध अघि बढेको थियो। प्रेमलाई विवाहमा परिणत गर्न दुबै परिवारको सहमतिमा २०७९ भदौ १८ मा टीकाटालासमेत भएको थियो। टीकाटालापछि विस्तारै सुदनले पुष्पालाई मानसिक तनाव दिँदै आएका थिए पनि पुष्पाले त्यसलाई सामान्यरूपमा लिदै आएकी थिइन्। तर यही मङ्सिर २७ गते सुदनले टीकाटालाको सुन र सुपारी फिर्ता गरेपछिको मानसिक तनाब सहन सकिनन् र सुदनकै घर अगाडि गएर आत्महत्या गरिन्।

पुष्पाले परिवारको इज्जतका लागि आफूसँग विवाह गर्न सुदनसँग बारम्बार आग्रह गरेकी थिइन्। तर त्यो सफल नभएपछि अन्ततःउनले आफूमाथि भएको मानसिक यातना सहन नसकेर आत्महत्याको बाटो रोज्न पुगिन्।

आफ्ना प्रमीले दिएको मानसिक यातना सहन नसकेर पुष्पाले आत्महत्या गरेकै दिन बुधबार सुर्खेतका अमरबहादुर आलेमगरले आफ्नी पत्नीको हत्या गरे। सुर्खेतको पञ्चपुरी नगरपालिका-२ का ३८ वर्षीय अमरबहादुर आलेमगरले आफ्नी ३० वर्षकी पत्नी मीना आलेमगरले टाउको काटेर प्लास्टिकमा बोकी प्रहरी चौकी जान लागेको भन्दै हिँडेको देखेर छिमेकीहरू आश्चर्यमा परे। दुई साना छोराछोरी भएका मगर दम्पतीबीच के विषयमा विवाद भएर पत्नीको ज्यान नै लिन पुगे भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

अमरले किन पत्नीको हत्या गरे भन्नेबारेमा आफन्तलाई पनि थाहा छैन। छिमेकी र गाउँलेले पनि मीनाको टाउँको काटेर हालमा लिएर गाउँमा निस्किएपछि मात्र थाहा पाए। आफन्तका अनुसार परिवारमा खासै झगडा हुने थिएन। अमर गत वर्ष वैदेशिक रोजगारबाट फर्केका थिए। बुधबार एकैदिन दुई महिलाको ज्यान गएको छ। महिलामाथि हुने हिंसाको बर्बरतापूर्ण उदाहरण हुन् पछिल्ला यी दुई घटना।

तराईमा दाइँजोका विषयलाई लिएर डा पङ्कज चौधरीले आफ्नी पत्नी नेहा चौधरीमाथि गरेको कुटपिटको घटना, नेपाली राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछाने वा नायक पल शाहमाथि नाबालिकालाई बलात्कार गरेको भन्ने घटना सार्वजनिकरुपमा आए पनि थुप्रै यस्ता घटना बाहिर आएका छैनन्। यस्ता धेरै घटनाले नेपालमा पछिल्लो समयमा महिलामाथिको हिंसा बढ्दै गएको देखिएको छ।

महिलामाथि हुने हिंसाविरुद्ध संसारभर अहिले महिला हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ/। तर महिलाले अकालमै ज्यान गुमाउने र बलात्कार जस्तो जघन्य अपराधमा परेर शारीरिक र मानसिक तनाब झेल्नुपरेको छ। प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो समयमा महिला हिंसाको घटना डरलाग्दो तरिकाले बढ्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा १५ हजार सात सय ५५ महिला हिंसाका घटना भएकामा आर्थिक वर्ष २०७७/७८ मा १८ हजार नौ सय ६१ छ। एक आर्थिक वर्षमै तीन हजार दुई सय पाँच घरेलु हिंसाका घटना बढेको छ। आर्थिक वर्ष २०७८/७९ मा २१ हजार चार सय ५१ छ। यो वर्ष दुई हजार चार सय ९० घटना बढेको तथ्याङ्क छ। पछिल्ला दुई वर्षमा जबर्जस्ती करणी उद्योगका घटना पनि उत्तिकै बढेको पाइन्छ। आव २०७७/७८ मा दुई हजार पाँच सय ३२ भएका छन् भने आव २०७८/७९ मा दुई हजार तीन सय ८० छन्।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली महिला हिंसा बढ्नुमा हिंसा सहनु हुँदैन भन्ने भन्ने सोचमा वृद्धि भएको र सूचना प्रविधिको विकासले सामाजिक सञ्जालमार्फत साइबर अपराध पनि बढ्दै जानु मुख्य भएको बताउनुहुन्छ। "सूचना प्रविधिको विकाससँगै हिंसाका नयाँ रुप फेरिएको छ र बढ्दै पनि गएको छ", उहाँले भन्नुभयो, "अहिलेसम्म पनि महिला हिंसाको कमी आउन सकेको छैन तर सकारात्मक पक्ष के छ भने हिंसा सहनु हुँदैन भन्ने चेतना आएको छ, न्यायका लागि हिंसाविरुद्ध आवाज उठाउनुपर्छ भन्ने चेतना आउनु महत्वपूर्ण पक्ष हो।"

पहिला धेरै महिलाले आफूमाथिको हिंसा दबाएर अनि सहेर बस्ने गरेको तर पछिल्लो समयमा हिंसाविरूद्ध आवाज उठाउन थाल्दा घटना बढेको अध्यक्ष पराजुलीको ठहर छ। "लैङ्गिक हिंसा हुनुका कारण महिलाको सानै उमेरदेखि घर व्यवहार र बालबच्चाको दायित्व बढी हुनु, महिलाले शैक्षिक अधिकार उपयोग गर्न नपाउनु र स्वआर्जन गर्न नपाउनु मुख्य हो", अध्यक्ष पराजुलीले थप्नुभयो, "कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेसम्म यसमा सुधार आउन गाह्रे छ।"

महिला हिंसाका घटनाको अध्ययन गर्न र भएका कानुनको कार्यान्वयन र परिमार्जनका लागि सरकारलाई सिफारिस गर्न महिला आयोगको स्थापना गरिएको हो। आयोगले अहिले विभिन्न सरोकारवाला निकाय र स्थानीय तहसँग पनि मिलेर काम गरिरहेको छ। पीडितले सिधै टोल फ्रि नम्बर ११४५ बाट पनि टेलिफोन गरेर घटनाका बारेमा टिपाउन सक्छन्। अध्यक्ष पराजुलीका अनुसार आयोगले आवश्यकतानुसार पीडितलाई उद्धार गरेर सुरक्षित आश्रयस्थलमा राख्ने गरेको छ। कानुनीरुपमा पनि निःशुल्क कानुनी सेवा प्रदान गर्दै आएको छ। तिनै तहका सरकार र अन्य सरोकारवाला निकायसँग मिलेर गरिरहेको छ।

महिला हिंसाका घटना कम गर्नका लागि चार दशक अगाडिदेखि जिल्ला जिल्लामा सञ्चालन हुँदै आएको महिला बालबालिका कार्यालय आवश्यक भएको उहाँको बुझाइ छ। "पीडितलाई जिल्लाबाटै न्यायका मिल्थ्यो तर सङ्घीयता कार्यान्वयनसँगै महिला बालबालिका कार्यालय छैन", अध्यक्ष पराजुलीले थप्नुभयो, "जिल्लामा महिला हिंसाका घटनाको सम्बोधन गर्ने निकाय नहुँदा समस्या बढ्दै गएको छ।"

लैङ्गिक हिंसा न्यूनीकरणका लागि महिला आयोगले मात्र गर्न नसक्ने भएकाले ७७ जिल्ला र सात सय ५३ वटै स्थानीय तहका सरकारसँग मिलेर काम गर्नुपर्ने र सोहीअनुसार गरिरहेको उहाँले जानकारी दिनुभयो। नेपालमा महिला हिंसा न्यूनीकरणका लागि धेरै कानुन व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिला हिंसामा कमी आउन सकेको देखिदैन।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ। यसमा भनिएको छ, "महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।"

मौलिक हकअन्तर्गत नै धारा २१ मा अपराध पीडितको हकसम्बन्धी व्यवस्था छ। "अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ, अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ", भनी व्यवस्था गरिएको छ। घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा पनि महिला हिंसा रोकथामका लागि व्यवस्था गरिएको छ। तर भएका कानुनको पूर्णरूपमा कार्यान्वयन हुन नसक्दा आज पनि महिला विभिन्न हिंसाको सिकार भइरहेका छन्।

'सभ्य समाजको पहिचान : लैङ्गिक हिंसाविरुद्धको अभियान' भन्ने नाराका साथ यस वर्ष पनि नेपालमा विभिन्न कार्यक्रम गरी मनाउँदै आएको छ। नेपालमा २०१४ सालदेखि यो दिवस मनाउन सुरु गरिएको हो। विश्वमा यो दिवस सन् १९९१ देखि मनाउन थालिएको हो। लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको सुरुआत महिलामाथि हुने हिंसा अन्त्यका लागि सन् १९९१ मा 'सेन्टर फर ओमन्स ग्लोबल लिडरसीप'को सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समूहले गरेको थियो। महिला अधिकारकर्मीले २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विश्वव्यापीरुपमा मनाउन थालिएको हो।

महिलामाथि हुने हिंसा मानवअधिकार हनन्को सबाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरुप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र सङ्घलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने यो अभियानको उद्देश्य हो। यो अभियानअन्तर्गत समुदायदेखि सबै तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी मनाउने गरिन्छ।

यसको सन्दर्भ डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन साहसी दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० नोभेम्बर २५ मा गरेको हत्यासँग जोडिएको छ। त्यसैले यसलाई ल्याटिन अमेरिकी देशमा महिला हिंसाविरुद्धको दिवसका रुपमा मनाउन थालिएको हो। यसरी यी तीन दिदी बहिनीहरूको हत्यालाई महिला विरुद्धको हिंसाका रूपमा लिई महिलावादीहरूद्वारा उनीहरूको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्दै मनाउने परम्पराको सुरुआत गरिएको हो। पछि सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घद्वारा यसलाई आत्मसाथ गरी नोभेम्बर २५ को दिनलाई संसारभर नै महिलाविरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवसका रूपमा स्थापित गरियो।

त्यसैगरी सन् १९९१ मा नै क्यानाडाका युवाले सेतो रिबन बाँधेर यो दिवस 'म हिंसा सहन्न, आफू पनि गर्दिन, र देखेमा प्रतिकार गर्छु' भनी सेतो रिबन अभियान सञ्चालन गरेका थिए। त्यस समयदेखि सेतो रिबनलाई लैङ्गिक हिंसाविरुद्ध प्रतिबद्धताको प्रतीकका रुपमा प्रयोग गर्दै आएको पाइन्छ।

बर्सेनि लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान मनाइरहँदा महिलामाथि हिंसा हुनेक्रम रोकिएको छैन। आफ्नो बाँच्न पाउने अधिकारबाट महिला दिन प्रतिदिन बञ्चित हुँदै गएका छन्। देशमा महिला हिंसाविरुद्धका कानुनहरु छन् तर प्रभावकारीरुपमा कार्यान्वयन हुन नसक्दा एकातिर महिला पीडित भइरहनु परेको छ भने अर्कोतिर पिडकहरु प्रोत्साहित भएका छन्। दण्डहीनताले महिला हिंसामुक्त वातावरणमा बाँच्न पाएका छैनन्।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डेँगुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु
यस्ता लक्षणहरु देखापरेमा डेँगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।
महादेवा गाउँपालिका सप्तरी

# विश्वकपका अतिथिलाई खाना खुवाउँछन् विनोद

**कृष्ण सापकोटा**
काठमाडौं, २३ मङ्सिर (रासस) ।

यतिबेला संसारभरका मानिसहरूको ध्यान फुटबलको सबैभन्दा ठूलो चाड विश्वकपमा केन्द्रित छ । शुक्रबार रातिदेखि सुरु हुने क्वाटरफाइनलका खेलहरूका कारण कतारमा भइरहेको यो प्रतियोगिता हेर्नका लागि संसारका खेल पारखीहरु आ–आफ्नै तयारीमा जुटेका छन् । सबैलाई यतिबेला खेलको रोमाञ्चक क्षणको व्यस्तताले भुलाएको छ । तीमध्ये सबैभन्दा बढी व्यस्त देखिनुहुन्छ, कतारको एउटा सेन्टर किचेनमा बसेर कुन खेल हेर्न कुन स्टेडियममा को को अति विशिष्ठ पाहुनाको आगमन हुन्छ र उनीहरुलाई के खुवाएर स्वागत गर्ने भन्ने जिम्मा पाउनु भएका विनोद बराल ।

पाँच सय ५० जना भान्छेसहित एक हजार एकसय जना कर्मचारीको नेतृत्व लिएर विनोदले यो विश्वकप सुरु भएदेखि नै विभिन्न विशिष्ठ व्यक्तित्वहरूलाई उनीहरूको मन पर्ने खाना खुवाइसक्नु भएको छ । जसरी फुटबल फाइनल खेलसम्मका लागि संसार तातिरहने छ र अति विशिष्ठ पाहुनाहरूको आगमन बढ्दै जानेछ, त्यस्तै विनोदले नेतृत्व गरेको किचेनको व्यस्तता पनि बढ्दै गएको छ ।

विश्वकप फुटबललाई पहिलोपटक आयोजना गर्ने अवसर पाएको खाडी मुलुक कतारले यो मौकालाई फुटबलमा मात्र सीमित गरेको छैन । कतारले यो प्रतियोगितालाई आफ्नो संस्कृति र खानालाई संसारभरि फैलाउने अवसरका रूपमा पनि लिएको छ । कतारको त्यो सपनालाई पूरा गराउन विशिष्ठ पाहुनाहरूलाई उत्कृष्ट खाना खुवाएर सहयोग गरिरहनु भएको छ उनै एक नेपाली विनोद ।

लण्डनमा कार्यरत नेपाली सेफ र खाद्य अनुसन्धानकर्ता विनोदले नेतृत्व गर्नुभएको टोलीले विश्वकपको अहिलेसम्मको खेलमा टर्कीका राष्ट्रपति रिसेप तैयब उर्दवान, प्रसिद्ध अमेरिकी अभिनेता मर्गन फ्रिम्यानदेखि फुटबलका बेताज बादशाह डेभिड वेकमसम्मलाई खाना खुवाई सकेको छ । यो टोलीले आगामी पुस ३ गते हुने फाइनल खेलसम्म अनेकन विशिष्ठ तथा अति विशिष्ठ व्यक्तित्वहरूलाई खाना खुवाउने छ ।

विश्वकपका विशिष्ठ तथा अति विशिष्ठ पाहुनाहरूलाई के खुवाउने भन्ने मेनु (परिकारहरूको सूची) तयार गर्नका लागि विनोद र उहाँको टोली दुई महिना अगाडि नै कतार पुगेको थियो । विनोदले राष्ट्रिय समाचार समितिसँग टेलिफोनमा कुरा गर्दै भन्नुभयो, "हामीले कतारमा सबैभन्दा मन पराइएको र सबैभन्दा धेरैपटक खाइने परिकारका बारेमा अनुसन्धान गर्‍यौं । त्यसबाट हामीलाई यहाँको खानपानका बारेमा धेरै ज्ञान भयो । अनि हामीले तीन वटा खानाको वरपर बसेर मेनु बनाउने भयौं । पहिलो कतारका परिकारहरू, यहाँ सबैभन्दा रूचाइने भारतीय उपमहाद्विपका खाना तथा अन्तर्राष्ट्रिय खेल भएकाले पश्चिमी मुलुकका खानाहरूका आधारमा परिकारको मेनु बनायौं ।"

पोखरामा जन्मिनु भएका विनोद औपचारिक शिक्षा लिएर यो पेशामा अन्तर्राष्ट्रिय रूपमा नै माथिल्लो तहमा पुग्ने थोरै नेपालीमध्येमा पर्नु हुन्छ । उहाँ अहिले अष्ट्रियाको इभेन्ट म्यानेजमेन्टसम्बन्धी मल्टिनेशनल कम्पनी गोर्मेट इन्टरटेन्मेन्ट ग्रुप (डिएण्डको इन्टनेशनल) को रिसर्च एण्ड डेभेलपमेन्ट तथा इनोभेसन किचेन डिपार्टमेन्टको प्रमुख हुनुहुन्छ । यो कम्पनीले नै विश्वकप फुटबल प्रतियोगिताका लागि खानासम्बन्धी अनुसन्धान गर्ने, मेनु तयार गर्ने र विशिष्ठ तथा अति विशिष्ठ पाहुनाहरूलाई खाना क्याटरिङ गर्ने काम पाएको छ । डिएण्डको वेवसाइट *www.doco.com* का अनुसार यो कम्पनीले ७६ वटा एयरलाइन्स तथा तिनका एक्स्ज्युकेटिभ लाउन्जमा क्याटरिङको काम गर्दै आएको छ ।

विनोद भन्नुहुन्छ, "विश्वकप फुटबल २०२२ को पार्टनर कतार एयरलाइन्समा हाम्रो कम्पनीकै क्याटरिङ हुन्छ । त्यही नाताले हामी विश्वकप फुटबलसँग जोडिएका हौं ।" कतारमा खाना र परिकारका बारेमा प्रारम्भिक अनुसन्धानपछि विनोदको टोलीले कतारको खानाका बारेमा त्यहाँको सबैभन्दा सम्मानित सेफ आइसा अल तमिमिसँग औपचारिक तालीम समेत लिएको थियो । यसले आफ्नो आधिकारिक स्वादलाई प्रवर्द्धन गर्ने काममा कतार सरकार कति गम्भीर छ भन्ने पनि देखाउँछ । यो तालीमबाट विनोदको टोलीलाई पनि कतारको आधिकारिक स्वाद आफ्ना परिकारको अनुसन्धानमा जोडन सजिलो भयो ।

उहाँ भन्नुहुन्छ, "अनि हामी विभिन्न परिकारहरूको तयारीमा लाग्यौं । यसमा खानाको तयारी, त्यसको विकास, त्यसको स्वाद तथा परिकारको प्रस्तुतीकरण एवम् परीक्षणका कुराहरू समावेश हुन्छ । एउटा कार्यशालाका मार्फतबाट हामी स्वाद तथा परिकारको प्रस्तुतीकरणका विषयमा विभिन्न विशेषज्ञबाट प्रतिक्रिया पनि लिन्छौं ।"

कतार सरकार तथा विश्वकपका अधिकारीहरूले विनोदको टोलीले तयार गरेका खानाको गुणस्तर तथा स्वाद हेरेर/चाखेर स्वीकृति दिएपछि मात्र खानाको मेनु तयार भएको थियो । उहाँ भन्नुहुन्छ, "होस्ट कन्ट्री (आतिथ्यता गर्ने राष्ट्र) भएका नाताले आफ्नो खाना तथा स्वादसँगै स्थानीय तरकारी, मरमसला तथा मासुलगायतका उत्पादनको प्रवर्द्धन गर्ने कतार सरकारको चाहनालाई पनि यहाँ परिकारहरू तयार गर्दा हामीले सम्मान गरेका छौं ।"

फुटबलको खेल हेर्न आउने विशिष्ठ तथा अति विशिष्ठ पाहुनाहरूका बारेमा उहाँको टोलीलाई पहिले नै सूचित गरिन्छ । त्यही सूचनाका आधारमा खाना तयार गरिन्छ । स्थानीय तथा अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्दै तापक्रम कम बनाइएको गाडीमा राखेर खानालाई स्टेडियममा पुऱ्याउने गरिन्छ । उहाँका अनुसार जुन दिन जुन देशको खेल हुन्छ ती देशका एक/एक परिकार अनिवार्य समावेश गरिन्छ । उदाहरणका लागि बेलायतको खेल हुँदैछ भने त्यहाँको सबैभन्दा प्रिय खाना फिस एण्ड चिप्स (माछा र तारेको आलु) तयार गर्छौं । मोरोक्कोले खेलेको दिन ताजिन र खुसखुस बनाएको उहाँले सुनाउनुभयो ।

चिसो बनाइएको भ्यानमा खाना स्टेडियममा पुऱ्याएर सुरक्षा जाँचको काम सकिएपछि टोलीले पाहुनालाई खाना दिने गर्दछ । उहाँ भन्नुहुन्छ, "साउदी अरेवियाको राजपरिवार, टर्कीका राष्ट्रपति रिसेप तैयब उर्दवान, भारतका उपराष्ट्रपति जगदिप धनकर, प्रसिद्ध अमेरिकी अभिनेता मर्गन फ्रिम्यान, प्रख्यात फुटबलर डेभिड वेकम, आर्सनल क्लबका म्यानेजर आर्सी वाग्नरलगायतका विशिष्ठ व्यक्तिहरूले हामीले तयार गरेको खानाको उच्च प्रशंसा पनि गरेका थिए ।"

विनोदको ज्ञानका कारण उहाँलाई अन्तर्राष्ट्रिय परिकारको दुनियामा 'मसला पण्डित' भनेर पनि चिनिन्छ । अनि खानपान बाहेकका क्षेत्रमा गरेका विभिन्न योगदानका कारण सेफभन्दा अलि धेरै काम गर्ने मानिसका रूपमा पनि विनोदको परिचय बनेको छ । यो क्षेत्रमा २० वर्षभन्दा बढी काम गर्दा उहाँले नेपाली परिकारलाई विश्व मानचित्रमा स्थापित गर्ने अनेक काम गर्नु भएको छ । विनोदले लण्डनमा खोल्नु भएको रेष्टुरेन्ट मःमः एण्ड रोटी पनि हो । नेपाली खाना भारतीय खानाभन्दा धेरै फरक हो भनेर अभियान चलाउने विनोद कतारमा विश्वकप फुटबल हेर्न आउने संसारका विशिष्ठ व्यक्तित्वहरूलाई खाना चखाएर खाना कुटनीति अनुभव लिँदै हुनुहुन्छ ।

विनोद भन्नुहुन्छ, "खानाले मानिस संस्कृति र देशहरू जोड्ने काम गर्छ । म नेपाललाई र बेलायत तथा दुनियाँका अन्य देशहरूसँग खाना, संस्कृति तथा परोपकारका कर्महरूका आधारमा जोड्न चाहन्छु ।" यो विश्वकप र यस्ता अन्य कार्यक्रममार्फत विनोदले चलाएको खाना कूटनीतिले नेपालको छविलाई विश्व मानचित्रमा अझै माथि उठाउन बल पुग्ने विश्वास गरिएको छ ।

# पाँच पालिकाले अझै ल्याएनन बजेट

काठमाडौं, २३ मङ्सिर (रासस) ।

चालु आर्थिक वर्ष सुरु भएको पाँच महिना बित्न लाग्दा पनि पाँच वटा पालिकाले अहिलेसम्म पनि बजेट ल्याउन सकेका छैनन् ।

वार्षिक बजेट नआएपछि ती पालिकामा विकास निर्माणका काम ठप्प छन् भने कर्मचारीको तलब भत्ता रोकिएको छ । दैनिक कार्यालय सञ्चालनमा समेत समस्या देखिएको छ ।

मधेस प्रदेशका चारवटा र लुम्बिनी प्रदेशको एउटा पालिकाले अहिलेसम्म बजेट ल्याउन सकेका छैनन् । धनुषाको नगराइन र र कमला नगरपालिका, रौतहटको बौधीमाई नगरपालिका र सर्लाहीको विष्णु गाउँपालिकाले बजेट ल्याएका छैनन् । त्यस्तै, बाँकेको डुडुवा गाउँपालिकाले पनि बजेट ल्याएको छैन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार भने आठवटा पालिकाले आफ्नो वार्षिक बजेट मन्त्रालयको प्रणालीमा प्रविष्ट गरेका छैनन् । यद्यपि, त्यसमध्ये पालिकामध्ये सिराहाको औरही गाउँपालिका तथा कर्जन्हा नगरपालिकाका र रौतहटको यमुनामाई गाउँपालिकाले भने बजेट ल्याइसकेका छन् । यी पालिकाले मन्त्रालयको प्रणालीमा प्रविष्ट नगरेको तर वार्षिक बजेट भने गाउँसभाबाट पारित भइसकेको छ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा तीनमा "गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेश गर्नुपर्नेछ", भनी उल्लेख गरिएको छ तर बजेट नआएका कारण ती पालिकामा आर्थिक गतिविधि चलायमान हुन सकेका छैनन् ।

पालिकाले वार्षिक बजेट नल्याउँदा उनीहरुका विकास निर्माणका काम ठप्प हुने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले बताउनुभयो ।

"बजेट नै नल्याएपछि उनीहरुले खर्च गर्न पाउँदैनन् । तलब भत्तासम्म दिएका हुनसक्छन् । तर विकास निर्माणका काम रोखिएका छन्", तामाङले भन्नुभयो ।

गाउँसभा र नगरसभाबाट बजेट पारित नभएका पालिकाका लागि सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)ले बजेट रोकिदिने उहाँको भनाइ छ । संविधान, ऐन, कानूनले नै सम्बन्धित पालिकालाई बजेट निर्माणको जिम्मा दिएको र यसमा सङ्घीय र प्रदेश सरकारको कुनै भूमिका नरहने पनि प्रवक्ता तामाङको भनाइ छ ।

असार दोस्रो साताभित्र ल्याइसक्नुपर्ने बजेट मङ्सिर मसान्तसम्म पनि आउन नसक्नुको मुख्य कारण गाउँ तथा नगरसभामा राजनीतिक दलबीचको किचलो तथा प्रमुख र उपप्रमुखबीचको मनमुटाव देखिएको छ ।

धनुषाको नगराइन नगरपालिकाका नगरप्रमुख

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### रुस र चीनमाथि नयाँ प्रतिबन्ध लगाउँदै अमेरिका

वासिङ्टन, २३ मङ्सिर (रासस/एएनआई) ।

अमेरिकाले रुस र चीनमाथि नयाँ प्रतिबन्ध लगाउने तयारी गरेको छ । मानवअधिकार उल्लङ्घनलाई मुद्दा बनाएर दुवै देशमाथि थप प्रतिबन्ध लगाउने तयारीमा बाइडेन प्रशासन रहेको वाल स्ट्रीट जर्नलले जनाएको छ ।

प्रतिबन्धको अंश 'ग्लोबल म्याग्निट्स्की' ऐनअनुसार चीन र रुसमाथि लादिने प्रतिबन्धले अमेरिकी अधिकारक्षेत्रमा रहेका रुस र चीनका कुनै पनि सम्पत्ति रोक्का गर्ने, अमेरिकाको यात्रामा रोक लगाउने र व्यापारिक कारोबारमा रोक लाग्नेछ । उक्त ऐनले अमेरिकालाई विश्वव्यापी रूपमा विदेशी सरकारी अधिकारीमाथि प्रतिबन्ध लगाउने अधिकार दिएको छ ।

प्रतिबन्धबाट रुसी रक्षा क्षेत्रका धेरै संस्था प्रभावित हुनेछन् । उक्त ऐनले अमेरिकी सरकारलाई मानवअधिकार हनन वा भ्रष्टाचारमा संलग्न कुनै पनि संस्था वा व्यक्तिमाथि प्रतिबन्ध लगाउने अधिकार दिएको छ । संयुक्त अधिराज्य र क्यानडासहित विश्वका अन्य देशमा पनि यस्तै कानुनी व्यवस्था छ ।

अमेरिकी प्रतिरक्षा मन्त्रालयले हालै सार्वजनिक गरेको चीनको सैन्य सामर्थ्यसम्बन्धी प्रतिवेदन र गत अक्टोबरमा निकालेको राष्ट्रिय रक्षा रणनीतिमा पनि चीन र रुसलाई अमेरिकी चुनौतीका रुपमा प्रस्तुत गरेको थियो । चीन र रुसभन्दा बाहिरका शक्तिले पनि चुनौती थपेका पेन्टागनले बताउँदै आएको छ ।

### इराकको पुनः निर्माणमा चीनले सघाउने

रियाद, २३ मङ्सिर (रासस) ।

सिन्हा चीनले आन्तरिक द्वन्द्वबाट तहसनहस भएको इराकको पुनः निर्माणका निम्ति निरन्तर सहयोग गर्ने बताएको छ । साउदी अरबको राजकीय भ्रमणमा रहनुभएका चीनका राष्ट्रपति सी चिनफिङले आर्थिक क्षेत्रको पुनःनिर्माण, उद्योगको स्थापना,इराकी जनताको जीवनयापनमा सुधार, दिगो विकासका निम्ति निरन्तर सहयोग गर्ने बताउनुभएको हो ।

इराकी प्रधानमन्त्री मोहम्मद शिहाअल सुनीसँग शुक्रबार यहाँ भएको भेटवार्तामा द्विपक्षीय सम्बन्धका साथै पारस्परिक हित र चासोका विषयमा मन्तव्य व्यक्त गर्दै चिनियाँ राष्ट्पति सीले इराकलाई सहयोग गर्ने बताउनुभयो ।

### खानी विस्फोटमा नौजनाको मृत्यु

जकार्ता, २३ मङ्सिर (रासस/सिन्ह्वा) ।

इन्डोनेसियाको पश्चिमी प्रान्त सुमात्रामा अवस्थित एक कोइला खानीमा विस्फोटमा हुदाँ नौ जनाको मृत्यु भाएको छ ।

विस्फोटमा अन्य दुई जना घाइते भएका तथा उद्धारमा सम्बन्धित निकायलाई परिचालन गरिएको प्रान्तीय प्रचार विभागका सञ्चार अधिकृत अरिफ प्रतमाले सिन्ह्वालाई टेलिफोनमा जानकारी दिनु भएको छ ।

### भारतमा सिलिन्डर विस्फोट, पाँचको मृत्यु, पच्चास घाइते

नयाँदिल्ली, २३ मङ्सिर (रासस/सिन्ह्वा) ।

पश्चिमी भारतको राजस्थान राज्यमा एक विवाह समारोहमा खाना पकाउने ग्यास सिलिन्डर विस्फोट हुँदा कम्तीमा पाँच जनाको मृत्यु हुनुका साथै ५० जना घाइते भएका अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन् ।

राजस्थानको राजधानी जयपुरबाट चार सय ३६ किलोमिटर पश्चिममा रहेको जोधपुर जिल्लाको भुङगरा गाउँमा बिहीबार विवाह समारोहमा पाहुना भेला भइरहेका बेला सिलिन्डर विस्फोट भएको हो ।

मृतकमा दुई बालबालिका समेत रहेका जोधपुरको जिल्ला कलेक्टरको कार्यालयका एक अधिकारीले जानकारी छन् । घाइतेहरु सबै जलेका र उनीहरुलाई नजिकैको अस्पतालमा लगिएको छ । तीमध्ये १२ जना गम्भीर घाइते,भएका र उनीहरुलाई विशेष उपचारका लागि जोधपुर पठाइएको छ ।

अधिकारीहरुका अनुसार यो घटना बेहुलाको घरबाट जुलुस निस्कनु अघि नै भएको थियो । कार्यक्रममा करिब १०० जना जम्मा भएको रिपोर्टले जनाएको छ ।

"विवाह भोजको तयारी भइरहेको ठाउँमा ग्यास सिलिन्डर चुहिएर शक्तिशाली विस्फोट भएको अधिकारीले जानकारी । विष्फोटका कारण विवाह भइरहेको घरको एक भाग पनि भत्किएको छ ।

भारतमा आकस्मिक विस्फोटहरू सामान्य छन् किनभने मानिसहरूले सामान्यतया सुरक्षा मापदण्डहरूलाई बेवास्ता गर्छन् ।

# माओवादी केन्द्रका युवा नेताहरुद्वारा पार्टीबाट राजिनामा दिने चेतावनी

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

नेकपा (माओवादी केन्द्र)का युवा नेताहरुले पार्टी केन्द्रलाई सामुहिक राजिनामाको चेतावनी दिएका छन् ।

सामानुपातिक लिस्टमा जनयुद्धका घाइते र सहिद परिवारलाई पाखा लगाएर पार्टी आन्दोलनमा कम योगदान भएकालाई काखी च्याप्न खोजेको भन्दै त्यसो भए गरिए सामुहिक राजिनामा दिने चेतावनी दिएका हुन् ।

जनयुद्धका घाइते तथा पुर्व जनमुक्ति सेनाका ब्रिगेड कमाण्डर अरुण साह (अनिल) र सहिद दशरथ ठाकुरकी जीवनसंगिनी कविता ठाकुरलाई पाखा लगाएर पूर्व जनमोर्चा तथा नारायणकाजी श्रेष्ठ खेमाकी माला कर्णलाई समानुपातिक सांसद बनाउन खोजेपछि उनीहरुले विभिन्न माध्यमबाट पार्टी नेतृत्वलाई दबाब दिंदै आएका छन् ।

अरुण साहले आफ्नो फेसबुक पेजबाट राजिनामाको चेतावनी सहितको पत्र सार्वजनिक गरेका छन् । पार्टी अध्यक्ष प्रचण्डलाई सम्बोधन गरिएको, मधेस प्रदेश इन्चार्ज गणेश साह र जिल्ला अध्यक्ष उमेश कुमार यादवलाई बोधार्थ पठाइएको पत्रमा प्रदेशको समानुपातिकमा परिवारवाद, जातिवादको कोणबाट जिल्लाबाट सिफारिस नै नभएका व्यक्तिलाई राखेर संकीर्ण गुटीय घेराबन्दी मजबुत पार्ने हर्कतको हरेक ढंगले प्रतिवाद एवम् विरोध गर्छौं भन्दै निरन्तर पार्टीप्रति बफादार रही संघर्षको मोर्चामा अग्रणी स्थानमा रहेका योद्धा बाहेकलाई अवसर दिएमा सप्तरीका अधिकांश कमरेडहरु सामुहिक राजिनामा दिन बाध्य हुने उल्लेख गरिएको छ ।

पत्रमा तीन जना समानुपातिक उम्मेदवारहरु अरुण कुमार साह ( घाइते), चतुरनारायण चौधरी (थारु), कविता ठाकुर (सहिद परिवार), र जिल्लाका युवा नेताहरु सुकदेव साह (जिल्ला सदस्य तथा सहिद परिवार), शिवकुमार राम (वाइसिएल केन्द्रीय सचिव) लगायत २६ जना युवाहरुको नाम उल्लेख गरिएको छ ।

उनीहरुले पार्टी अध्यक्ष प्रचण्डलाई भेटेर समेत आफ्ना विषय अवगत गराएका छन् । हिजो मात्रै उनीहरुले पूर्व जनमुक्ति सेनाका प्रमुख तथा उपराष्ट्रपति नन्द किशोर पुन पासाङलाई समेत भेटेर गुनासो गरेका थिए ।

## ‘आमाको दूधको …

प्रमुख कृष्णप्रसाद पौडेल भन्नुहुन्छ, “अहिले रोजगारीमा महिलाको संख्या बढेको छ । प्रजनन स्वास्थ्यसम्बन्धी ऐनले स्तनपानका लागि ९८ दिन बिदाको व्यवस्था गरेको छ । तर निजी क्षेत्रले यसको पालना गरेको छैन । बिदा नपाउँदा पूर्ण स्तनपान ‘ब्रेक’ भएको देखिन्छ ।”

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण ऐन, २०४९ छ । तर चिकित्सकले नै गैरकानुनीरूपमा फर्मोला (दूधलाई प्रतिस्थापन गर्ने वस्तु) सिफारिस गर्ने समस्या देखिने गरेको उहाँको भनाइ छ । “विशेषगरी सहरी क्षेत्रमा आमाको दूधको विकल्प र फर्मोलाको प्रयोग बढ्नु दुःखद् कुरा हो । कतिपय अवस्थामा गैरकानुनीरूपमा चिकित्सकले फर्मोला सिफारिस गरेको देखिन्छ । तर नियमित अनुगमन गर्न सकिरहेको अवस्था छैन ।”

पानी, मह, गाई, भैंसीको दूध वा फर्मोला नखुवाई पूर्णरूपमा आमाको दूध खुवाउने प्रचलन घटेको हो । सर्वेक्षणका अनुसार सन् १९९६ मा ७५ प्रतिशत, सन् २००१ मा ६८ प्रतिशत र सन् २००६ मा ५३ प्रतिशत पूर्ण स्तनपान गराउने प्रवृत्ति रहेको थियो । सन् २०११ मा ७० प्रतिशतमा बढेर सन् २०१६ मा भने ६६ प्रतिशतमा झरेको थियो । अहिले सन् २०२२ मा ५६ प्रतिशतले पूर्ण स्तनपान गराउने प्रवृत्ति रहेको छ ।

## शिक्षाको माध्यमबाट …

उनले शिक्षाको माध्यमबाट मात्र सामाजिक रुपान्तरण गर्न सकिने भएकाले शिक्षा क्षेत्रलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको बताए । बालबालिकाहरुलाई विद्यालय जान सजिलोका लागि विद्यालयहरुमा नयाँ नयाँ संरचना निर्माणका साथै शिशु बिमा, साइकल वितरण, पूर्ण छात्रवृत्ति, निःशुल्क शैक्षिक सामाग्री वितरण, बेटी बचाउ बेटी पढाउ लगायतका योजनाहरु अभियानकै रुपमा अघि बढेको उनले बताए ।

वडा अध्यक्ष सबदुल मियाँको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा गाउँपालिकाका अध्यक्ष दिनानाथ चौधरी, मधेश प्रदेश प्रज्ञा प्रतिष्ठानका सदस्य दिनेश कुमार यादव लगायतले पनि बोल्दै विद्यालयसम्म बालबालिकाको पहुँच बढाउन नवनिर्मित भवनले ठुलो सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे ।

सामाजिक विकास मन्त्रालयको १८ लाखको लागतमा निर्माण गरिएको उक्त २ कोठे भवन निर्माण गरिएको हो । नयाँ पक्की कक्षाकोठा भवन निर्माण गरिएपछि कक्षाकोठाको अभाव झेलिरहेका विद्यार्थीहरुले नयाँ र सुविधा सम्पन्न भवनमा पढन पाउने भएका छन् ।

## पाँच पालिकाले …

विनयकुमार यादवले गाउँसभामा बहुमत नपुग्दा बजेट पारित गर्न नसकिएको बताउनुभयो । “नगर उपप्रमुखसहित नेकपा (एमाले)बाट निर्वाचित सदस्यको बहुमत छ । म नेपाली कांग्रेसबाट निर्वाचित भएकाले नगरसभामा उहाँहरुले अड्को थाप्नुभएको छ”, यादवले भन्नुभयो । उहाँका अनुसार तलबसमेत नपाएपछि नगराइन नगरपालिकाका कर्मचारी गत शुक्रबारदेखि आन्दोलन उत्रिएका छन् ।

वार्षिक योजना तथा कार्यक्रमबारे दलगतरुपमा विवाद बढ्दै गएपछि कमला नगरपालिकामा पनि बजेट आउन सकेको छैन । “योजनामा राजनीतिक भागबण्डा भएपछि त्यसको विवादले बजेट पारित हुन नसकेको हो । तलब नपाएपछि कर्मचारी आन्दोलनमा छन् । शिक्षकले सात महिनादेखि तलब पाएका छैनन्”, नगर उपप्रमुख शिलादेवी मण्डलले भन्नुभयो ।

रौतहटको बौधीमाई नगरपालिकाले पनि बजेट ल्याएको छैन । निमित्त प्रमुख प्रशासकीय अधिकृत रामेश्वरराय यादवका अनुसार नगरपालिकाको नीति तथा कार्यक्रमबारे पुनरावेदन अदालतमा मुद्दा चलिरहेको छ । सामान्य कार्यालय सञ्चालनमा समेत समस्या देखिएको उहाँले बताउनुभयो ।

त्यस्तै, रौतहटको यमुनामाई गाउँपालिका पनि पाँच महिनादेखि बजेटविहीन बनेको छ । गाउँपालिका अध्यक्ष मोहमद साउदका अनुसार गत शनिबार मात्रै गाउँसभामा बजेट पेश भएको छ ।

बाँकेको डुडुवा गाउँपालिकाले पनि बजेट ल्याउन सकेको छैन । गाउँसभा बैठक बस्न नसकेका कारण बजेट आउन नसकेको र बजेट नआएका कारण आर्थिक गतिविधि हुन नसकेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पौडेलले बताउनुभयो ।

सिराहाको औरही गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेशनारायण शर्माले बजेट आइसकेको भएपनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रणालीमा प्रविष्ट हुन नसकेको बताउनुभयो ।

“गाउँसभाबाट बजेट स्वीकृत भइसकेको छ । मन्त्रालयलाई पत्रमार्फत् जानकारी पनि गराइसकेका छौं तर प्रणालीमा प्रविष्ट हुन सकेको छैन”, शर्माले भन्नुभयो ।

कर्जन्हा नगरपालिकाका नगर प्रमुख भोलाप्रसाद पोखेलले प्राविधिक समस्याका कारण बजेट प्रविष्ट हुन नसकेको बताउनुभयो । मन्त्रालय अनालाइन प्रणालीमा राख्नका युजरनेम र पासवर्ड नपाउँदा बजेट राख्न नसकिएको उहाँको दाबी छ ।


**सुचना ! सुचना !! सुचना !!!**

सप्तरी क्रिकेट संघ राजबिराजको आयोजनामा अन्तर बिद्यालय एक दिवसिय क्रिकेट प्रतियोगिता हुने भएकोले ईच्छुक सामुदायिक तथा निजि विद्यालयहरूले सहभागिताको लागी तपसिल, मिति, स्थानमा सम्पर्कका लागि अनुरोध गर्दछ ।

**तपसिलः**
मितिः २०७९/८/ २७ गते देखि
स्थान : पबिमाबिको खेलमैदान
समयः ९ बजे देखि
सम्पर्क मिति २०७९/८/२६ गते सम्म
(नोटः सबै खेल डियुज बलले खेलाईने छ)
**सम्पर्कः**
चन्दनकुमार यादव (सचिव) ९८०१५७७९१८
रोशन मण्डल ९८०१५६००२६
शम्भु दास ९८१९९७१२११

**जनज्योती कृषि सहकारीमा सदस्यता किन …?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

**लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार ।**

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**डा. कालीप्रसाद यादव**
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन



मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np